पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया वन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ११६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख २६ गते शुक्रबार ❑ 9 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## समृद्धिको जिम्मेवारी युवाको काँधमा : महासचिव पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख

नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले नेपाली जनताको खुसी र राष्ट्रको समृद्धिको जिम्मेवारी युवा वर्गको काँधमा रहेको बताउनुभएको छ।

राष्ट्रिय युवा सङ्घ नेपालको आगामी जेठ ९ देखि ११ गतेसम्म पोखरामा हुने १० औं महाधिवेशनको पूर्वसन्ध्यामा बिहीबार पोखरामा आयोजित युवा भेलाको उद्घाटन गर्दै महासचिव पोखरेलले युवा शक्तिले नेतृत्वदायी भूमिका खेल्नुपर्ने बताउनुभयो। एमालेले पार्टीका सबै तहमा युवालाई आरक्षणको व्यवस्था गर्दै अघि बढाइरहेको उल्लेख गर्दै महासचिव पोखरेलले यसबाट नयाँ चिन्तन भएका युवापुस्ताको विकास हुने विश्वास व्यक्त गर्नुभयो। कृषिलाई आधुनिक एवं प्रविधिमैत्री बनाउँदै युवावर्गको आकर्षण बढाउनुपर्नेमा उहाँको जोड थियो। मुलुकमा राजनीतिक अस्थिरताका कारण विकास निर्माणले गति लिन नसकेको उल्लेख गर्दै महासचिव पोखरेले भन्नुभयो, "देशलाई अब राजनीतिक स्थायित्वको दिशामा अघि बढाउन राष्ट्रिय शक्ति एकजुट हुन आवश्यक छ।" मुलुकको समग्र विकासका पक्षमा उभिएका कारण अहिले एमालेमाथि चौतर्फी आक्रमण भएको उल्लेख गर्दै उहाँले एमाले सरकारमा आएपछि रोकिएका विकास निर्माणका काम अघि बढेका बताउनुभयो।




सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेकपा (एमाले) का उपमहासचिव पृथ्वी सुब्बा गुरुङले युवाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत क्षेत्रमा अग्रसरता देखाउँदै नेतृत्वदायी भूमिका खेल्नुपर्ने बताउनुभयो। सरकारका प्रवक्तासमेत रहनुभएका उहाँले मुलुकमा मौलाएको बेथितिको अन्त्यका लागि दुई ठूला दल नेपाली काँग्रेस र एमाले मिलेर बनेको वर्तमान सरकार देशमा सुशासनसहित विकास निर्माणमा जुटेको बताउनुभयो।

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा 'समृद्ध नेपाल, सुखी नेपाली' सङ्कल्पलाई अघि बढाएको उल्लेख गर्दै उहाँले उक्त अभिभारा पूरा गर्न युवा वर्ग सचेत र जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिनुभयो। युवा वर्ग उद्यमशील बन्नुपर्नेमा मन्त्री गुरुङको जोड थियो।

नेकपा (एमाले) स्थायी कमिटी सदस्य एवं जनसङ्गठन प्रमुख भानुभक्त ढकालले युवा शक्ति सङ्गठित र संयमित भएर पार्टी निर्माणमा जुट्नुपर्नेमा जोड दिँदै कार्य मूल्याङ्कन तथा क्षमताका आधारमा पार्टीको जिम्मेवारी दिइने बताउनुभयो। जनवर्गीय सङ्गठनलाई चुस्त दुरुस्त बनाउँदै 'मिसन-८४'मा पार्टीको बहुमत ल्याउने तयारीमा जुट्न आग्रह गर्नुभयो।

एमाले केन्द्रीय सदस्य एवं युवा सङ्घ नेपालका इन्चार्ज राजीव पहारीले पर्यटकीय राजधानी पोखरामा हुन गइरहेको दशौं राष्ट्रिय महाधिवेशन भव्य र सभ्य रुपमा सम्पन्न गर्न सबैको साथ तथा सहयोग रहने विश्वास व्यक्त गर्नुभयो।

'सुशासन, समृद्धि, राष्ट्रियता, नवीनता, सिर्जनशीलता र गतिशीलता' नारासहित पोखरामा हुन गइरहेको दशौं राष्ट्रिय महाधिवेशनमा एक हजार ७९२ प्रतिनिधिको सहभागिता रहने युवा सङ्घ नेपालका केन्द्रीय अध्यक्ष क्षितिज थेबेले जानकारी दिनुभयो।

कार्यक्रममा सङ्घका केन्द्रीय उपाध्यक्ष प्रकाश गौतम र महासचिव सुमन पुरीले महाधिवेशन सङ्गठन सुदृढीकरण, जलवायु परिवर्तन र उद्यमशीलता एवं उत्पादनलाई जोड दिन केन्द्रित रहने बताउनुभयो। अधिवेशनको प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

## सीमा क्षेत्रमा सुरक्षा व्यवस्था सुदृढ बनाउन गृह प्रशासन सक्रिय

रासस
काठमाडौं, २५ बैशाख

गृह मन्त्रालयले पछिल्लो समयमा विकसित क्षेत्रीय सुरक्षा परिस्थितिलाई मध्यनजर गर्दै सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारेको छ।

सीमा क्षेत्रको सुरक्षा मजबुत बनाउन सरकारले दिएको निर्देशनपछि सुरक्षा निकायले सुरक्षा निगरानी थप बढाएको हो। सीमा सुरक्षामा तैनाथ सशस्त्र प्रहरी बल नेपालले ४८ घण्टामा सीमा इलाकामा ३१२ वटा पट्रोलिङ र एक हजार ८४४ स्थानमा चेक प्वाइन्ट राखेको छ। वैशाख २३ गते मङ्गलबार बिहानदेखि बिहीबारसम्म ४८ घण्टामा भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसबी) सँगको सहकार्यमा सीमा इलाकामा ८४ वटा संयुक्त र २२८ वटा एकल पट्रोलिङ गरिएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो। भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसबी)सँग संयुक्त पट्रोलिङ वैशाख २३ गते २० वटा, २४ गते १६ वटा र २५ गते ४८ वटा गरिएको छ। त्यस्तै एकल पट्रोल वैशाख २३ गते ८९ वटा, २४ गते ६४ वटा र २५ गते ७५ वटा गरिएको जनाइएको छ। सोही अवधिमा सीमा इलाकाका एक हजार ८४४ ठाउँमा चेक प्वाइन्ट राखिएको छ। वैशाख २३ गते ५६४, वैशाख २४ गते ६४० र वैशाख २५ गते ६४० ठाउँमा गरी एक हजार ८४४ ठाउँमा चेक प्वाइन्ट राखिएको हो। सीमामा गस्ती पट्रोल तथा सुरक्षा जाँचलाई निरन्तरता दिइएको सशस्त्र प्रहरीले जानकारी दिएको छ। उक्त क्षेत्रहरुमा सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय सुनसरी, नं २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नं ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुर, नं ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की, नं ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही र नं ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलाली मातहत कार्यालयबाट १० हजारभन्दा बढी सशस्त्र प्रहरी बल नेपालको जनशक्ति परिचालन गरिएको छ।

सीमा क्षेत्रलाई व्यवस्थित गर्न र हुनसक्ने अवैध गतिविधिलाई रोक्न नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणहरुसँग समन्वय गरी सूचना आदानप्रदान गरी सीमामा आवतजावत गर्नेहरुलाई निगरानी गर्ने कार्यसमेत कडाइका साथ गरिएको छ।

नेपाल-भारत सिमानामा परम्परादेखि चलिआएको परम्परागत आवतजावतलाई असहज तथा हैरानी नहोस् भन्नेतर्फ पनि सचेत हुँदै त्यसप्रकारको आवतजावतलाई सहजीकरण गर्ने कार्यसमेत गरिएको छ। यसैगरी सहरी क्षेत्रका सम्भावित सुरक्षा दिनुपर्ने महत्वपूर्ण ठाउँहरुमा निगरानी बढाइएको सशस्त्र प्रहरीबल नेपालले आज जानकारी गराएको छ।

## पन्ध्र पुस्तकालयलाई प्रदेश सरकारको अनुदान

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख

गण्डकीका १५ सामुदायिक तथा सार्वजनिक पुस्तकालय स्तरोन्नतिका लागि गण्डकी प्रदेश सरकारले अनुदान उपलब्ध गराएको छ।

प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले चालु आर्थिक वर्षमा पुस्तकालय स्तरोन्नति अनुदान कार्यक्रमका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## लेखकहरू विचार उत्पादनका केन्द्र: राष्ट्रपति

रासस
काठमाडौं, २५ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले लेखकहरू विचार उत्पादनका केन्द्र भएको उल्लेख गर्दै हरेक स्रष्टाले सिर्जनाका माध्यमबाट नवीन चिन्तन गरिरहने उल्लेख गर्नुभएको छ।

नेपाली लेखक सङ्घको नवनिर्वाचित केन्द्रीय कार्यसमितिलाई बिहीबार राष्ट्रपति कार्यालयमा बधाई तथा शुभकामना दिँदै उहाँले भन्नुभयो, "लेखक स्वयंमा सत्ता हो, सङ्गठन, विचार र आफैँमा अभियान पनि हो।"

मुलुकभरका ३०१ प्रतिनिधि सहभागी सङ्घको गत चैत १६ र १७ गते लुम्बिनीमा आयोजित आठौं राष्ट्रिय अधिवेशनले वियोगी बुढाथोकीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको थियो। उक्त कार्यसमितिलाई राष्ट्रपतिले आज एक कार्यक्रमबीच बधाई तथा शुभकामना दिनुभएको हो। उहाँले सङ्घले लोकतान्त्रिक अधिकार, अभिव्यक्ति स्वतन्त्रता र प्रकाशन स्वतन्त्रताका पक्षमा वकालत गर्दै आएको इतिहाससमेत रहेको स्मरण गर्नुभयो। लेखक सङ्घले स्थापनाकालदेखि नै लोकतान्त्रिक मूल्यमान्यताको रक्षा र प्रवर्द्धन गर्ने उद्देश्यले सर्जकहरूको सामूहिक प्रयत्नलाई आफ्नो आदर्श मानेको उहाँको राष्ट्रपतिको भनाइ थियो। उहाँले भन्नुभयो, "यी कुराहरु लोकतान्त्रिक व्यवस्थाको आर्दशका लागि पूर्वसर्त हुन्।" राष्ट्रपति पौडेलले भर्खरै जन्मेको शिशु प्रजातन्त्रलाई संस्थागत गर्नुपर्ने ऐतिहासिक आवश्यकताका खातिर सर्जकहरूले आफ्नो सामाजिक दायित्व लेखक सङ्घमार्फत पूरा गर्न खोजेको यसका पुराना दस्तावेजहरूले देखाएको बताउनुभयो।

लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समजस्ता साहित्यिक महारथीहरू सङ्गठित भएको लेखक सङ्घमा विश्वेश्वरप्रसाद कोइराला र हृदयचन्द्रसिंह प्रधानलगायतका हस्तीहरु पनि एकबद्ध भएको उहाँले चर्चा गर्नुभयो। लोकतन्त्रवादी लेखकहरु लोकतान्त्रिक प्रणालीका पक्षधर भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले सात दशक लामो प्रक्रियामा लोकतन्त्रका आदर्शहरु धेरै सन्दर्भमा विशिष्टिकृत भएको विचार व्यक्त गर्नुभयो।

कार्यक्रममा सङ्घका अध्यक्ष वियोगी बुढाथोकी, सहअध्यक्ष मनोज न्यौपाने, उपाध्यक्षहरु डा शशि थापा पण्डित, डा विष्णु केसी, उपमहासचिव नारायण सापकोटाका साथै केन्द्रीय सदस्यहरु महेन्द्र वाग्ले, इन्द्र लम्साल, सन्तोष बोहरा, शोभा अधिकारी, इन्दिरा निरौला, राजन बस्नेतसँगै सङ्घका सल्लाहकारहरु डा विष्णुविभु घिमिरे, सन्ध्या पहाडी, शेखर गिरीलगायतको उपस्थिति थियो। नेपाली लेखक सङ्घको स्थापना २००८ सालमा भएको हो। नेपालको पहिलो प्रजातान्त्रिक परिवर्तनपछि स्वतन्त्र विचारधारा भएका लेखकहरू सङ्गठित भएर सङ्घको स्थापना गरेको इतिहास छ। विसं २०१७ पछिको पञ्चायती कालखण्डमा निष्क्रिय रहेको सङ्घ, २०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनःस्थापित भएपछि नयाँ संरचनासहित पुनःक्रियाशील बनेको हो।

नेपाली भाषा, साहित्य र संस्कृतिको प्रवर्द्धनका लागि विविध भाषा र संस्कृतिका लेखकहरूलाई समान अवसर प्रदान गरी अघि बढ्न प्रेरित गर्नु, लेखकहरूको हकअधिकारको रक्षाका निम्ति सिर्जनात्मक स्वतन्त्रतालाई कानुनी र संस्थागत रुपमा सुरक्षित राख्नु यसको ध्येय रहेको छ।

आगलागीबारे चनाखो बनौ
◆ खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं,
◆ सिलिन्डरको रेगुलटर, पाइप, चुल्होबाट ग्याँस चुहावट (लिक) भएको छ/छैन, ख्याल गरौं,
◆ पेट्रोललगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं,
◆ सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं,
◆ गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं। जथाभावी आगो नबालौं,
◆ चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं,
◆ बिजुलीका तार, प्लग, स्वीच वा वायरिङको नियमित जाँच गरौं,
◆ घरबस्तीनजिकै पोखरी, ट्याङ्की वा अरू कुनै तरिकाले पानीको जोहो गरौं,
*आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं*
नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लागूऔषध दुरुपयोग तथा अबैध ओसारपसार विरुद्ध घरदैलो कार्यक्रम

**पिमला नेपाली/दुर्गा नेपाली**
पोखरा, २५ बैशाख

असल छिमेकी नेपालको आयोजनामा लागू औषध दुरुपयोग विरुद्धको ऐक्यबद्धता ब्यक्ति, समाज र राष्ट्रको प्रतिबद्धता नाराका साथ पोखरा १८ का विभिन्न स्थानहरुमा लागू औषध दुरुपयोग तथा अबैध ओसारपसार विरुद्ध घरदैलो कार्यक्रम विहिबार सम्पन्न भएको छ।



कार्यक्रमका प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रहरी नायव उपरीक्षक हरि बहादुर बस्नेतले उद्घाटन गर्दै लागु पदार्थको कुलतमा लागेकाहरुबाट थाहा भए अनुसार वालवालिका वा कुनै पनि व्यक्ति एक्लै कुलतमा लाग्नै नसक्ने, उसलाई साथीले वा अरु कसै मार्फत सुरु गर्ने वानी वस्ने वताउँदै अभिभावकले आफ्ना छाराछोरीहरुको हरेक क्रियाकलापको अनुगमन गर्नुपर्ने वताए । सो अवसरमा कास्की जिल्ला प्रशासन कार्यालयका अधिकृत सुबोध बाबु पौडेल, रिकभरी नेपालका सल्लाहकार शिव न्यौपाने, लागुपदार्थ नियन्त्रण तथा समाज सुधार आमा समुहकी अध्यक्ष कल्पना आचार्य, सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र कास्कीका अध्यक्ष हरि प्रसाद पराजुलीले कार्यक्रम सफलताको शुभकामना व्यक्त गर्दै सचेतनामूलक कार्यक्रमहरु नियमित गर्नुपर्ने सुझाव दिएका थिए । जनचेतनामूलक सन्देश लेखिएका प्लेकार्डहरु सहितको ऱ्यालीले घर घरमा किताब, पर्चा, पम्प्लेटहरु बितरण गरिएको थियो भने स्पिकरबाट पनि जानकारी दिदैं पोखरा १८ सराङकोट स्थित अन्नपूर्ण केबलकार स्टेशन देखि सराङकोट, देउराली पाटन, गोठादी, शिव भञ्ज्याङ, लामा गाउँ, पिपलडाली हुँदै थुम्की सिम्पानी वडा नं २ को कार्यालय नजिक सम्म पैदल हिडेर आएको थियो। जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला प्रहरी कार्यालय कास्की लगायत विभिन्न संघसंस्थाहरुको समन्वय रहेको उक्त कार्यक्रममा सहयोगी दातृ निकाय केर्क इन अक्टाइ र पोखरा म.न.पा. वडा नं. १८, रिकभरिङ नेपाल, नौलो घुम्ती नेपालको सहआयोजना रहेको थियो।

पोखरा महानगरपालिका वडा नं. १८ का अध्यक्ष शिव प्रसाद तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रमको बारेमा प्रकाश पार्दै स्वागत असल छिमेकी नेपालका कार्यकारी निर्देशक राजेन्द्र कुमार अधिकारीले र कार्यक्रम संचालन पोखरा १८ वडा सचिव हरिकृष्ण आचार्यले गरेका थिए। (विद्यार्थी पत्रकार)

# जनप्रिय र सृजनाको जित

**विशाल गाहामगर/सागर परियार**
पोखरा, २५ बैशाख

सृजना बोर्डिङ स्कुलले हिमालयन बोर्डिङलाई ९ रनले पराजित गरेको छ।

पोखरामा आयोजित यु १६ विद्यालयस्तरीय टी २० क्रिकेट प्रतियोगितामा टस हारेर व्याटिङको अवसर पाएको सृजनाले सोनु यादवको उत्कृष्ट पारीमा ६ विकेटको क्षतिमा १३९ रनको योगफल तयार पार्‍यो । उनले तेस्रोा नम्बरमा आउँदै २४ बलमा सर्वाधिक ४८ रन बनाए। केवल दुई रनले अर्धशतक पुरा गर्नबाट चुके । त्यस्तै विशाल ढकालले ३५ बलमा अविजित ४२ रनको योगदान दिदाँ दिवस तिवारीले ४५ बल खेल्दै ३० रन बनाए । लाईजु पुर्जाले ४ ओभर एक मेडन राख्दै ४१ रन दिएर २ विकेट लिए । जवाफी व्याटिङ गरेको हिमालयन भने ५ विकेटको क्षतिमा १३० रनमा समेटियो। जितको लक्ष्य पुरा गर्न ९ रनले चुक्यो। सन्दीप नेपालीले अविजित ४६ रन बनाउँदै जित तर्फ डोहोर्‍याए । तर अन्य व्याटरको भरपर्दो व्याटिङ नहुदाँ हार स्वीकार्न पुग्यो । सुदर्शन कोइरालाले १४ र सफल थापाले १२ रन बनाए। अवि पोखरेलले ४ ओभरमा १५ रन दिएर २ विकेट लिए।




यसैगरी अर्को खेलमा जनप्रिय स्कुलले हावर्ड एकेडेमीलाई १३२ रनले पराजित गरेको छ। टस जितेर व्याटिङ गरेको जनप्रियले मुस्कान भट्टराईको अर्धशतीय पारीमा १७८ रनको विशाल योगफल तयार पार्‍यो । ३९ बल खेल्ने क्रममा भट्टराईले १३ चौका र १ छक्का सहित ७८ रनको पारी खेले । त्यस्तै तेस्रो नम्बरमा आएका यथार्थ पौडेलले ३९ रन बनाए। टेकप्रसाद ढकाल भने १३ रनमा अविजित रहे । हिमान्त चापागाँईले दुई र दिप्सन भण्डारीले दुई विकेट लिए।

विशाल लक्ष्य पछ्याएको हावर्ड एकेडेमी भने ४६ रनमा समेटियो । कृष्ण ढकाल र सन्देश तामाङले क्रमश चार र तीन विकेट लिएपछि हावर्डका व्याटर सस्तैमा पभेलियन फर्किए । सर्वाधिक रन अनुज गुरुङको नाममा लेखियो। उनले केवल ११ रन बनाए। व्याटरले १८ रन बनाउँदा २८ रन अतिरिक्त थपियो। मुस्कान भट्टराई प्यलेर अफ दि म्याच घोषित भए।

# पोखरामा आत्महत्या रोकथाम सहजिकरण सम्बन्धी तालिम

**विनिता गाहामगर/सविना कुवर**
पोखरा, २५ बैशाख

वर्ल्डलिंक कम्युनिकेसन्स लिमिटेड र साइकडेष्क फाउन्डेशनको आयोजना एवम् पोखरा महानरपालिकाको संयोजनमा पोखरामा दुई दिने आत्महत्या रोकथाम सहजिकरण सम्बन्धी तालिम दिइएको छ।




तालिममा विभिन्न सरोकारवाला क्षेत्र र निकायका ३५ जना प्रशिक्षार्थी सहभागी रहनुभएको थियो । तालिमका सहभागीलाई प्रमाणपत्र प्रदान गर्दै पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकायका डिन प्रा.राजेशकुमार ठगुराठीले तालिमका उपलब्धिलाई व्यवहारमा उतार्न आग्रह गर्नुभयो। पोखरा महानगरपालिकाका प्रवक्ता मोतिराज तिमल्सिनाले आत्महत्या समाजमा गम्भीर समस्याका रुपमा देखा परेको बताउँदै यसको रोकथाम र नियन्त्रणका लागि सम्बद्ध सबैको सामुहिक प्रयास आवश्यक हुने बताउनुभयो । वर्ल्डलिङ्क कम्युने शन्स लिमिटेडका संस्थापक शेयर होल्डर एवम् सिएसआर(कर्पोरेट सामाजिक उत्तरदायित्व) प्रमुख अनुपा भण्डारी जलानले वर्ल्डलिङ्कले सामाजिक उत्तरदायित्व अन्तर्गत यस किसिमका कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गर्दै आएको जानकारी गराउनुभयो । तालिमका प्रशिक्षक एवम् साइकडेष्क फाउन्डेशनका संथापक डा.नरेन्द्रसिंह ठगुन्नाले आत्महत्या रोकथाम सहजिकरण सम्बन्धी तालिम यस अघि धनगढी र विराटनगरमा गरिसकिएको बताउनुभयो । पद्मकन्या क्याम्पस मनोविज्ञान विभागमा प्राध्यापनरत उहाँले नेपालमा आत्महत्याका घटनाहरू बढ्दै गएका अवस्थामा यसको रोकथाम तथा नियन्त्रण अपरिहार्य भएको बताउनुभयो । अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा नेपालमा सात हजार २२३ जनाले आत्महत्या गरेको तथ्यांक रहेको उहाँले जानकारी दिनुभयो।

ठगुन्नाका अनुसार आत्महत्या रोकथामका लागि साइडवाकटक कम्युनिटी लिसनिङ प्रोजेक्ट भोलिदेखि पोखरामा सुरु गरिने भएको छ । भालिदेखि सुरुमा दुई दिन महानगरका विभिन्न सार्वजनिक ठाउँमा १० जना लेकसिटी कलेजका सामाजिक अध्ययन विषयका विद्यार्थीले स्वयंसेवकका रुपमा साइडवाकटक लिसिनङ कार्यक्रम सञ्चालन गर्नेछन् । उनीहरूले आगामी चार महिनासम्म उक्त कार्यक्रम दुई हजार जनासम्म पुऱ्याउने जानकारी दिदै उहाँले वर्ल्डलिंककै सहकार्यमा यस अघि यो कार्यक्रम धनगढी, विराटनगर र काठमाडौंमा उपत्यकामा सञ्चालन गरिएको बताउनुभयो।

## पन्ध्र पुस्तकालयलाई..

लागि रु ३७ लाख बजेट विनियोजन गरेको थियो।

मन्त्रालयका अधिकृत हीराबहादुर थापा मगरका अनुसार सात पुस्तकालयले रु तीन लाख र आठ पुस्तकालयले रु दुई लाखका दरले अनुदान प्राप्त गरेका छन्। उक्त बजेट अनुसारको कार्यक्रम कार्यान्वयन भई अनुगमन र भुक्तानी प्रक्रिया सुरु गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले बर्सेनि प्रदेशभित्रका सामुदायिक तथा सार्वजनिक पुस्तकालय स्तरोन्नतिका लागि अनुदान दिँदै आएको छ। प्रस्ताव माग गरी मापदण्ड पूरा गर्ने पुस्तकालय मात्र अनुदानका लागि छनोटमा पर्ने गरेका छन् । पुस्तकालय दर्ता, नियमित सञ्चालन, वार्षिक कार्ययोजना, संस्थागत सुशासनलगायतलाई आधार मानेर अनुदानका लागि छनोट गर्ने गरिएको छ। गत वर्ष रु ३० लाख बजेट वितरण गरिएकामा यो वर्ष बढाएर रु ३७ लाख पुऱ्याइएको हो । पुस्तकालयले पुस्तक खरिद, फर्निचर, सूचना प्रविधिलगायतमा अनुदानको बजेट खर्च गर्नुपर्ने प्रावधान छ। पुस्तकालयलाई सामुदायिक अध्ययन केन्द्रका रुपमा विकास गर्दै भूगोल, इतिहास, कला, साहित्य, संस्कृति, पर्यटनलगायत विषयका पठन सामग्रीको व्यवस्थापनबाट गण्डकी प्रदेशको पहिचानलाई सुदृढ बनाउने उद्देश्य लिइएको छ । यो वर्ष अनदान प्राप्त गर्नेमा कास्कीको दीपशिखा, पोखरा सार्वजनिक पुस्तकालय, हिमालय पुस्तकालय, बागलुङको विद्यामन्दिर, स्याङ्जाको कालिका, लक्ष्मी स्मृति, अर्जुनचौपारी, जमजुङको लक्ष्मीनारायण, भोटेओडार, मुस्ताङको थाक, तनहुँको सिन्धु, गोरखाको त्रिभुवन, नवलपुरको शिवशक्ति, नवक्षितिज र फूलबारी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र रहेका छन्।

# मासबारमा महिला विकासका लागि आमा समुहको नेतृत्व विकास तालिम

**विनिता गाहामगर/सविना कुवर**
पोखरा, २५ बैशाख

पोखरा ७ मासबारमा रहेको महिला विकासका लागि आमा समूहको नेतृत्व विकास तालिम सम्पन्न भएको छ।




सामाजिक विकास कार्यालयको सहकार्यमा आयोजित तालिमको उद्घाटन सत्रमा बोल्दै सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले महिला सशक्तिकरणले नेतृत्व विकास हुने बताउदै स्थानिय तहमा संक्षम नेतृत्व निमार्णमा सघाउ पुग्ने बताउनु भयो। उहाँले आवश्यक परे आमा समुह भवन र क्रियापुत्री भवन सवलीकरणमा सघाउने बताउनु भयो। पोखारा ७ का वडा अध्यक्ष राम मोहन आचार्यले आगामी वर्षको वजेट निमार्ण चरणमै भएकोले आवश्यक योजना माग गर्न आग्रह गर्नुभयो। कार्यक्कममा नेपाली कांग्रेस पोखरा ७ का सभापति नविन राज बराल, संस्थाका वरिष्ठ सल्लाहकार एवम समाजसेवी शोभाचन्द्र बराल, मासबार आमा समूहका अध्यक्ष शारदा गिरी लगाएतले शुभकामना दिनुभयो । समूहका अध्यक्ष तुलसी बरालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्कममा स्वागत उपाध्यक्ष अन्जु पण्डित र संचालन सचिव कमला बरालले गर्नु भएको थियो । तालिमको सहजिकरण रेडियो सफलता १०३.४ मेगाहर्जका प्रवन्ध निर्देशक दुर्गा अधिकारीले गर्नु भएको थियो।

# कोटिहोममा भक्तजनको उपस्थिति बढ्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २५ बैशाख

पोखरामा जारी श्री गण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञमा भक्तजनको उपस्थिति बढ्दै गएको छ।

महायज्ञमा जसले जे सक्छ त्यही दान गर्ने व्यवस्था गरिएको छ। जसले गर्दा भक्तजन कोटिहोममा केही न केही दान गरेर पुण्य लाभ लिन आउनको संख्या बढ्दै गएको छ। बिहीबार पनि कोटिहोममा दान गर्ने भक्तजनको संख्या उल्लेख्य रहेको थियो । यसैक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी गण्डकी प्रदेशका अध्यक्ष तथा गण्डकी प्रदेश सरकार पूर्व मन्त्री पञ्चराम गुरुङले ५१ हजार, पोखरा-१५ का दिननाथ तिमिल्सिनाले २५ हजार ५, पोखरा- १५ प्रतिभाटोलकी राधिका खत्रीले २५ हजार २५ दान गरेको आयोजकले जनाएको छ। कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय प्रजातन्त्र पार्टी गण्डकी प्रदेशका अध्यक्ष तथा गण्डकी प्रदेश सरकारका पूर्व मन्त्री पञ्चराम गुरुङले पोखरा जारी कोटिहोम तपो भूमि र देवभूमिको रूपमा रहेको बताएका छन्।

कोटिहोममा बिहीवार नेपाली काँग्रेसकी केन्द्रीय सदस्य तथा संविधान सभा सदस्य शारदा पौडेल प्रदेश सभाका सदस्य सुनिता थापा विशेष आकर्षणको रूपमा हास्य कलाकार जोगिन्दर पानवाला शिव शङ्कर प्रसाद रिजाल, नेपालकै पहिलो महिला रेस्लर भगवती खड्का युनिका, एनआरएन उत्तर-दक्षिण अमेरिका क्षेत्रका उपसंयोजक विश्व बास्तोला लागयतको उपस्थिति रहेको थियो।

## सामाजिक विकास कार्यालय कास्कीको अनुरोध

१. जेष्ठ नागरिकको जीवन सम्मानित, संरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई राष्ट्रको समृद्धिका लागि उपयोग गरौं।
२. बालबालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै बालमैत्री समाज सहितको शासन व्यवस्थाको सुनिश्चितता कायम गरौं।
३. महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत र लैंगिक समानता कायम गरी लैंगिक समानतामूलक समाज निर्माण गरौं।
४. अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग, संरक्षण र सम्मान गरौ।
५. सामाजिक, सांस्कृतिक विविधतामा गौरव गर्ने एकताबद्ध नेपाली समाजलाई थप मर्यादित एवम् सु-संस्कृतयुक्त बनाउन आवश्यक सामाजिक पूर्वाधार निर्माण तथा ऐतिहासिक, शैक्षिक एवम् धार्मिक सम्पदाहरुको संरक्षण गरौं।
६. यस कार्यालयको चालु आ.व. २०८१/०८२ मा स्वीकृत बार्षिक योजना/कार्यक्रमहरु निर्धारित समयमानै सम्पन्न गर्नुपर्ने हुँदा सम्बन्धित सरोकारवालाहरुले समयमा नै कार्यालयमा सम्पर्क गरी जानकारी राखौं।

**गण्डकी प्रदेश सरकार**
**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**
**सामाजिक विकास कार्यालय, कास्की**
**पोखरा**

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# नेपाल आतंकवादको विरोधमा

नेपाल सरकारले भारत-पाकिस्तान तनावबारे आतंकवादविरुद्ध रहेको आधिकारिक धारणा सार्वजनिक गरेको छ। परराष्ट्रमन्त्रालयले बिहीबार प्रेस विज्ञप्ति जारी गरेर आतंकवादविरुद्ध नेपाल सरकारको दृढ अडान रहेको उल्लेख गरेको छ। 'नेपालले सबै प्रकारका आतंकवादविरुद्ध दृढ अडानस्वरुप बर्बर आतंकवादी आक्रमणको तत्काल र स्पष्टरूपमा निन्दा गर्दै आएको छ। आतंकवादविरुद्धको लडाइँमा नेपाल सबैको साथमा उभिएको छ,' विज्ञप्तिमा भनिएको छानेपाले लिएको अडान आतंकवाद विरुद्ध हो ।

नेपाल सार्कको अध्यक्ष भएको हुँदा उस्ले गर्ने निर्णय र अडान युद्ध रोकनेमै हुनुपर्छ । दक्षिण एशियाका सैन्य शक्ति बलियो बनाएका दुई देशलाई युद्धमा जान नदिन मध्यस्थताको खाँचो महसुस भएको छ । नेपाल सरकारले गत २२ अप्रिलमा भारतको पहलगाममा एक नेपालीसहित निर्दोष पर्यटकमाथि आतंकवादी आक्रमण भएको र त्यसले सिर्जित भारत र पाकिस्तानबीचको तनावप्रति नेपाल सरकार गहिरो चिन्तित रहेको जनाएको छ। 'उक्त दुःखद समयमा पनि नेपाल भारतको साथमा उभिएका थियो । आतंकवादविरुद्ध हाम्रो बलियो साथ छ,' विज्ञप्तिमा भनिएको छ। सरकारले नेपाली भूमिलाई छिमेकी देशहरूविरुद्ध प्रयोग हुन नदिने पनि बताएको छ।

'नेपालले कुनै पनि शत्रुतापूर्ण शक्तिलाई आफ्नो भूमि छिमेकी देशहरूविरुद्ध प्रयोग गर्न दिनेछैन,' विज्ञप्तिमा भनिएको छ । सरकारले भारत र पाकिस्तानबीचको तनाव कम होस् भनेर आशा पनि गरेको छ । 'हामी यस क्षेत्रमा शान्ति चाहन्छौं । भारत-पाकिस्तानबीचको तनाव कम हुने आशा छ,' विज्ञप्तिमा भनिएको छ । भारतको पहलगाममा एक नेपालीसहित २६ जनाको ज्यान जानेगरी भएको आतंकवादी आक्रमणपछि भारतले पाकिस्तानमाथि हवाई आक्रमण गरेको हो । अपरेसन सिन्दुर नाम दिइएको आक्रमणमामा २६ जनाको मृत्यु भएको थियो । जसमा जैश-ए-मोहम्मदका प्रमुख मसूद पनि रहेका छन् । बाहिर भारत र पाकिस्तानको युद्ध देखिए पनि चीन र अमेरिकाको शक्ति परिक्षण हुने त होइन भनेर सोच्नुपर्छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सुन्दरबजारबाट बसाइँसराइ गर्नेको सङ्ख्या बढ्यो

**रासस**
लमजुङ, २५ बैशाख

जिल्लाको सुन्दरबजार नगरपालिकाबाट अन्यत्र बसाइँ सर्नेको सङ्ख्या पछिल्लो समय बढेको छ। चालु आर्थिक वर्षको साउनदेखि चैत मसान्तसम्म ७२ परिवारका एक सय ९८ जना यहाँबाट अन्यत्र बसाइँ सरेका हुन्।

नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका एमआइएस अपरेटर सन्तोष पोखेलले गत आवमा २८ परिवारका ९३ जना बसाइँ सरेकामा चालु आवको चैतसम्म त्यो सङ्ख्या दोब्बरले बढेको जानकारी दिनुभयो। उहाँका अनुसार नगरभित्र पनि अन्यत्रबाट बसाइँसराइ गरी आउनेको सङ्ख्या बढेको छ । गत आवमा १३ परिवारका २७ जना सुन्दरबजार आएका थिए भने चालु आवको चैत मसान्तसम्म ३९ परिवारका एक सय २० जना नगरमा बसाइँसराइ गरी आएका पोखेलले उल्लेख गर्नुभयो।

एघार वडा रहेको सुन्दरबजार नगरपालिकाका केही वडामा बजार विस्तार तीव्र गतिमा भइरहेका छन् भने केही वडा अझै ग्रामीण र दुर्गम अवस्थामा छन् । ग्रामीण वडाबाट बजार क्षेत्रमा बसाइँ सर्ने प्रवृत्ति बढ्दो रहेको पोखेलले बताउनुभयो । बजार क्षेत्रबाट ठूला सहरतर्फ बसाइँसराइको गति तुलनात्मक रूपमा केही कम रहेको उहाँको भनाइ छ।

चालु आर्थिक वर्षमा सबैभन्दा बढी सुन्दरबजार-३ बाट १४ परिवारका ४१ जना र सबैभन्दा कम वडा नं ५ र १० बाट दुई-दुई परिवारका छ-छ जना बसाइँ सरेका पोखेलले जानकारी दिनुभयो।

बसाइँसराइ बढ्नुका मुख्य कारण शिक्षा, स्वास्थ्य, रोजगारी र लगानीको खोजी रहेका नगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत विवेककुमार पण्डितले बताउनुभयो । "बसाइँसराइ रोक्ने स्थानीयस्तरमा रोजगारीको अवसर सिर्जना गर्नु, प्राविधिक शिक्षालय सञ्चालन तथा लगानीको वातावरण बनाउनेतर्फ पालिकाको प्राथमिकता हुनुपर्छ", उहाँले भन्नुभयो । नगरप्रमुख कृष्णप्रसाद कोइरालाले सुन्दरबजारबाट बाहिरिनेको सङ्ख्या भित्रिनेको भन्दा बढी हुनु नगरका लागि चिन्ताको विषय बनेको बताउनुभयो । उहाँले भन्नुभयो, "पालिकाले रोजगारी तथा सेवा प्रवाह सहज हुने कार्यक्रम लागू गरिरहेको छ । बसाइँसराइको कारण पहिचान गरी समाधानको उपाय अवलम्बन गर्दै अगाडि बढ्नेछौं ।" उहाँका अनुसार आर्थिक सम्पन्नता, शिक्षा, स्वास्थ्य उपचार, रोजगारी, व्यापार व्यवसाय, पारिवारिक सम्पर्कलगायत विविध कारणले नगरवासी ठूला सहरतिर बसाइँ सरिरहेका छन् ।

# हरिचौर-मल्म-पाण्डवखानी सडक धमाधम स्तरोन्नति हुँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ बैशाख

'एक निर्वाचन क्षेत्र, एक रणनीतिक सडक योजना'अन्तर्गत हरिचौर-मल्म-पाण्डवखानी सडकको स्तरोन्नति प्रारम्भ भएको छ।

चालु आर्थिक वर्षमा आठ किलोमिटर स्तरोन्नति गरिने सडक डिभिजन कार्यालयले जनाएको छ । सङ्घीय सरकारबाट प्राप्त रु ४० करोडको लागतमा स्तरोन्नति थालिएको हो। हालसम्म ७० प्रतिशत काम सम्पन्न भएको उक्त कार्यालयका इञ्जिनियर सागर भण्डारीले राससलाई बताउनुभयो । आठ किलोमिटरमध्ये चार किलोमिटर कालोपत्रका लागि तयार भएको छ। बाँकी भागमा सडक फराकिलो बनाउने, पानीको निकासका निम्ति नाली निर्माण, टोव पर्खाल लगाउनेलगायत काम जारी छ।

गलकोटको हरिचौरदेखि सुरु भएको सडक मल्म, पाण्डवखानी, रमुवा रणसिंहकिटेनी, भीमगिठे, दर्लिङ, निसीखोला हुँदै प्युठान जोडिन्छ । यो सडक ४० किलोमिटर लामो छ। सडकको सुरु विन्दुबाट काम थालिएको हो।

# पाँच शताब्दी पुरानो गुम्बा जीर्णोद्धार

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २५ बैशाख

थासाङ गाउँपालिका-२ सौरु गाउँमा रहेको पाँच सय वर्ष पुरानो सौरु गुम्बा जीर्णोद्धार भएको छ।

पोखरा निवासी समाजसेवी मदन र बालकुमारी गौचन दम्पतीले रु २२ लाख ५० हजार खर्चेर गुम्बा जीर्णोद्धार गराउनुभएको हो। गुम्बा संरक्षण व्यवस्थापन समितिका अध्यक्ष सुवर्ण गौचनका अनुसार जीर्ण भएको गुम्बाको भित्री र बाहिरी भागमा मर्मतसम्भार गरिएको छ।

गुम्बा परिसरमा ढलान गरिनाका साथै बिजुलीको व्यवस्था भएको छ । गुम्बा जीर्णोद्धारसँगै शौचालयलागयत अत्यावश्यक संरचना पनि निर्माण भएका छन् ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI4000003396 | पदम बहादुर खड्का | शैलुङ-७, दोलखा |
| २ | GLI0610016992 | कासीराम नेपाली | भिमाद-३, तनहुँ |


# विश्व रेडक्रस दिवसमा विन्ध्येश्वरी स्कुलमा विविध कार्यक्रम सम्पन्न

**दुर्गा नेपाली/पिमला नेपाली**
पोखरा, २५ बैशाख



विश्व रेडक्रस दिवसको अवसर पारेर पोखराको मोहोरिया टोलमा रहेको विन्ध्येश्वरी आदर्श बोर्डिङ स्कुलमा युवा रेडक्रस समितीको पहलमा विविध कार्यक्रम सम्पन्न गरेको छ।

'मानवतालाई जीवित राखौं' भन्ने नाराका साथ ६१ औं रेडक्रस दिवसमा कक्षा एकदेखि पाँच कक्षासम्म म्युजिकल चेयर खेल भएको थियो। कार्यक्रममा कक्षा एकबाट कृभेन्स गुरुङ प्रथम, अंश तामाङ द्वितीय र दिशन थापा तृतीय भएका छन् । कक्षा २ बाट रिदम सुनार प्रथम, गरिमा चेपाङ द्वितीय र सुभान सुवेदी तृतीय भएका छन्। कक्षा ३ बाट रञ्जन सुनार प्रथम, एञ्जिला थापा द्वितीय र साजिया क्षेत्री तृतीय भएका छन्। कक्षा ४ बाट अंकित मन्ना प्रथम, सौगात हमाल द्वितीय र आदित्य जि.सी. तृतीय भएका छन् भने कक्षा ५ बाट सनिश बि.क. प्रथम, सबिन बि.क. द्वितीय र सुप्रम थापा तृतीय भएका छन्।

यसैगरी कक्षा छ देखि १० सम्मका छात्र छात्राहरुबिच बास्केटलबल प्रतियोगिता सम्पन्न गरेको छ । जसमा छात्रा समूहमा हरियो सदनबाट अंशु भुजेल, बिनिसा तामाङ, प्रिस्टिना रसाइली, मेहुली मन्ना, प्रेना नेपाली र सुवदना सुवेदी प्रथम र रातो सदनबाट प्रशंशा कार्की, एस्थर तामाङ, युना रोका, अर्चना रत्न, अदिती तिमिल्सिना, श्रीषा तिमिल्सिना द्वितीय भएका छन्। त्यस्तै छात्र समूहमा निलो सदनबाट सक्षम बास्तोला, सक्षम बज्राचार्य, इरोज आले, दिवस घिमिरे, युनिक न्यौपाने, आइसन सुनार, विनायक गिरी र सुभम सुनार प्रथम भएका छन्। यसैगरी रातो सदनबाट अस्दिप बर्देवा, प्रोसोल थजाली, सफल पुन, एलिश बाल्कोटी, सिमोन तामाङ, प्रिन्स रानामगर र कुशल लामा द्वितीय भएका छन्।

विद्यालयका प्राचार्य कृष्णकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन युवा रेडक्रस सर्कलकी सचिव उपासना रेग्मीले गरेकी थिईन्।

(विद्यार्थी पत्रकार)

# हलगोरु पाल्ने एक सय अठहत्तर किसानले पाए पोषणभत्ता

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ बैशाख



यहाँको काठेखोला गाउँपालिकाले हलगोरु पाल्ने किसानलाई पोषणभत्ता वितरण गरेको छ । गाउँपालिकाले 'गोरुलाई पोषण, कृषकलाई प्रोत्साहन' नीति तथा कार्यक्रमअन्तर्गत १७८ हलगोरु पाल्ने किसानलाई रु पाँच हजारका दरले पोषणभत्ता वितरण गरेको हो।

परम्परागत तरिकाले खेतबारी जोत्नका लागि प्रयोग गरिने गोरुलाई संरक्षण गर्दै किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले रु आठ लाख ९० हजार पोषणभत्ता सोझै किसानको हातमा पुऱ्याइएको अध्यक्ष राजु थापाले बताउनुभयो । उहाँले गाउँपालिकाभित्र हलगोरु पाल्ने किसानको तथ्याङ्क सङ्कलन गरेर १७८ जनालाई रु पाँच हजारका दरले पोषणभत्ता प्रदान गरिएको बताउनुभयो। "हलगोरु पाल्ने र जोत्ने परम्परा हट्दै जान थालेपछि यसको संरक्षणका लागि कार्यक्रम अघि बढाएका थियौं, हाल १७८ किसानले लाभ उठाउनुभएको छ।

पालिकाले गोरु संरक्षण र मलमूत्रको उपयोगिता बढाउनका लागि पहिलो पटक यो कार्यक्रम ल्याएको हो", अध्यक्ष थापाले भन्नुभयो, "गाउँपालिकाले यस कार्यक्रमलाई निरन्तरता दिन्छ, दूध उत्पादन गर्ने किसानले प्रतिलिटर रु साढे दुईका दरले अनुदानसमेत पाएका छन् भने वडास्तरमा माइनर ल्याब स्थापना गरी पशु सेवा दिइएको छ ।" आधुनिकताको नाममा मिनी टिलर हलो वितरण हुन थालेपछि परम्परागत गोरुपालक किसानलाई समस्यामा परेको महसुसपछि यस्तो कार्यक्रम ल्याइएको गाउँपालिकाले जनाएको छ । "विभिन्न स्थानीय तहमा कृषिमा आधुनिकीकरणका नाममा मिनी टिलर हलो वितरण गर्ने लहडै चलेको तर हामीले गाउँ-गाउँमा परम्परागतखेती गर्नका लागि हलगोरु नै उपयुक्त देखेका छौं।

कृषिमा मलमूत्रको प्रयोग अपरिहार्य रहेकाले किसानलाई प्रोत्साहन गर्न यो अभियान सुरु गरेका हौं", अध्यक्ष थापाले भन्नुभयो। गाउँपालिका पशु शाखा प्रमुख होमबहादुर थापा गोरु पाल्दा वातावरणमा सकारात्मक प्रभाव पर्ने भएकाले यसलाई जोगाइ राख्नुपर्ने आवश्यकता देख्नुहुन्छ। त्यसैकारण पालिका आफैंले यो अभियानको सुरुआत गरेको उहाँले बताउनुभयो।

गाउँपालिका-७ रेशका गोरुपालक किसान डम्मरबहादुर थापाले गोरु पाल्ने किसानले पहिलोपटक सहयोग पाउँदा सम्मानको महसुस गरेको बताउनुभयो । उहाँले रेशमा आफूजस्ता हलगोरु पाल्ने पाँच जना किसानले अनुदान पाएको बताउनुभयो।

काठेखोला गाउँपालिकाले किसानलाई प्रोत्साहनका लागि दूधमा समेत अनुदान दिन थालेको प्रमुख प्रशासकीय अधिकृत चुर्णबहादुर कार्कीले जानकारी दिनुभयो । यस्तै, किसानलाई निःशुल्क रूपमा पशुलाई औषधि वितरण र ९२ वटा गाईभैंसीको नस्ल सुधारका लागि कृत्रिम गर्भाधान गराइएको उहाँले बताउनुभयो। पालिकाले नयाँ बाख्रा पकेट विकास कार्यक्रममार्फत अनुदान र पशुपक्षी फार्म यन्त्रिकीकरणमा सहयोग गरिरहेको छ।

# निःशुल्क आँखा शिविरबाट सात सय जना लाभान्वित

**पोखरापत्र संवाददाता**
बेनी, २५ बैशाख



मालिका गाउँपालिका-६ दरबाङमा सञ्चालित तीनदिने निःशुल्क आँखा उपचार शिविरबाट ७१५ जना लाभान्वित भएका छन्।

मालिका गाउँपालिका, पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजना, हिमालयन आँखा अस्पताल पोखरा, नेपाल नेत्रज्योति सङ्घ जिल्ला शाखा म्याग्दी र आँखा उपचार केन्द्र दरबाङको प्राविधिक सहयोगमा सञ्चालित शिविरमा ४५९ जना महिला र २५६ जना पुरुषले आँखा परीक्षण गराएका हुन्। मालिका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिश्चन्द्र ढकालका अनुसार शिविरमा ५२ जना महिला र २२ जना पुरुषसहित ७४ जनाको मोतियाविन्दुको निःशुल्क शल्यक्रिया गरिएको थियो । बिरामीहरूलाई निःशुल्क औषधि र चस्मा पनि वितरण गरिएको थियो । हिमालयन आँखा अस्पतालका चिकित्सक हरिविक्रम अधिकारी नेतृत्वको टोलीले शिविर सञ्चालन गरेको हो।

शिविरमा मालिका गाउँपालिकासहित धौलागिरि, मालिका, बेनी नगरपालिका र पर्वतको मल्लाजबाट पनि बिरामी सेवा लिन आएका थिए।

# ‘कोरियाको कमाई भैँसीपालनमा’

रासस
स्याङ्जा, २५ बैशाख

दक्षिण कोरियामा १० वर्ष बिताउनुभएका स्याङ्जा चापकोटका दुई दाजुभाइले गाउँ फर्केर कृषिउद्यम सुरु गर्नुभएको छ । यहाँका उत्तम आचार्य र वीरेन्द्र आचार्यले विदेशमा कमाएको धन आफ्नै गाउँमा भैँसीपालनमा खर्चिनुभएको छ।

विसं २०७३ देखि सुरु गरेको सिद्धबाबा एग्रो फार्म एन्ड रिसर्च सेन्टर प्रालि हाल गण्डकी प्रदेशमै ठूलोमध्येको एक भैँसी फार्मको पहिचान बनाएको छ । दश वर्ष कोरियामा सिकेको सीप र कमाएको पैसा लगानी गरेको उक्त फर्ममा ६७ वटा गुजराती र मुर्रा जातका भैँसीहरू छन् । हाल फर्मबाट दैनिक १८५ देखि २०० लिटरसम्म दूध उत्पादन भइरहेको छ। यसका साथै गोबर र मूत्रलाई जैविक मलका रूपमा बिक्री गरेर आम्दानी भइरहेको छ।

आचार्य दाजुभाइ कोरियामा रहँदा सिकेको आधुनिक पशुपालन प्रविधिलाई नेपालमै प्रयोग गरिरहेको बताउनुहुन्छ।कोरियाबाटफर्किएपछि सुरुमा काठमाडौँमा होटल व्यवसायमा लागे पनि पछि गाउँमै आएर हार्डवेयर व्यवसाय र भैँसीपालन सुरु गरेको दाई उत्तमको भनाइ छ । “फार्म सञ्चालनका क्रममा हालसम्म रु तीन करोडभन्दा बढी लगानी भइसकेको छ । सञ्चालनको सुरुआतमा २५ प्रतिशत विश्व बैङ्क, २५ प्रतिशत नेपाल सरकार र बाँकी ५० प्रतिशत लगानी आफैले गरेका थियौँ”, उहाँहरूले भन्नुभयो,“फार्ममा प्रत्यक्ष रूपमा १० जनाले रोजगारी पाएका छन् भने अप्रत्यक्ष रूपमा थप धेरैलाई कामको अवसर सिर्जना भएको छ ।” भाई वीरेन्द्र फार्ममा दिनहुँ आँफै खट्ने गरेको बताउनुहुन्छ । बिहानै फार्ममा पुगेर दूध प्याक गर्ने, क्यानमा राख्ने, होम डेलिभरी गर्ने र बिक्री नभएको दूधबाट पनिर उत्पादन गर्ने काम दिनहुँ भइरहेको उहाँको भनाइ छ ।

अब हरेक युवाले आफ्नै देशमा भविष्य खोज्नुपर्छ भनेर आफूहरू यस कार्यमा लागेको आचार्यले बताउनुभयो । “कुनै समय कोरियामा राम्रो जीवन बिताएका थियौँ । विदेश गएर अनुभव हासिल गर्नु राम्रो हो तर उतै बसेर हुँदैन । आफ्नो देश र माटो आफ्नै हुन्छ । त्यसैले विदेशबाट फर्किएर हामीले आफ्नै गाउँठाउँमा लगानी गर्‍यो । कृषि क्षेत्रमा लगानी गर्न सके देशमै राम्रो गर्न सकिन्छ”, आचार्य दाजुभाइले एकैस्वरमा भन्नुभयो ।

हाल यस कार्यबाट चापाकोटका धेरै युवाहरू कृषिप्रति आकर्षित भइरहेका छन् । स्थानीय निकाय र राज्यले कृषिउद्यमलाई सम्मानित तथा प्रोत्साहन बनाउन सहयोग गरे धेरैले यसैमा भविष्य खोज्ने उहाँहरूको विश्वास छ । “देशमै भविष्य खोजेका कृषकलाई राज्यबाट पर्याप्त सुविधा नभएको महसुस हुन्छ ।

कहिलेकाहीँ भैँसीलाई मिल्क फिभर जस्ता रोग लाग्छन्, भैँसीको बिमा र स्वास्थ्य उपचार निःशुल्क छैन । अन्य धेरै पालिकाहरूमा प्रतिलिटर दूधमा रु दुईदेखि १५ सम्म अनुदान दिइए पनि चापाकोट नगरपालिकाले कुनै अनुदान दिएको छैन । यसबारे सोच्नुपर्छ”, सञ्चालक आचार्य दाजुभाइले भन्नुभयो ।

# ‘कुष्ठरोग उल्मूलन चुनौतीपूर्ण देखिएको छ’

सिर्जना राई
काठमाडौं, २५ बैशाख/रासस

नेपालमा हालसम्म करिब दुई लाखको सङ्ख्यामा कुष्ठरोगका बिरामी रहेका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । नेपालले विसं २०६६ मा विश्व स्वास्थ्य सङ्गठनको मापदण्डबमोजिम कुष्ठरोगलाई जनस्वास्थ्य समस्याका रूपमा नरहेको घोषणा गरिसकेको छ।

कुष्ठरोग उल्मूलनसम्बन्धी विश्वव्यापी लक्ष्यअनुरुप नेपालले सन् २०३० भित्र कुष्ठरोग उल्मूलन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । उक्त लक्ष्य पूरा गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय प्रयासरत छ। विगत दश वर्षयत प्रत्येक वर्ष औषतमा दुई हजार ८६७ जनाका दरले नयाँ बिरामी फेला परेका मन्त्रालयले जनाएको छ।

नेपालमा १८ जिल्लामा मापदण्डभन्दा बढी अर्थात् प्रतिदश हजारमा एकजना कुष्ठरोगी फेला परिरहेका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवले डा विकास देवकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा बढी मधेस प्रदेशमा र सबैभन्दा कम गण्डकी प्रदेशमा भेटिएका छन् । मुलुकका ७७ जिल्लामध्ये १८ जिल्ला कुष्ठरोगको उच्च जोखिममा रहेकाले यसको उल्मूलन चुनौतीपूर्ण देखिएको उहाँले बताउनुभयो ।

नेपालमा कुष्ठरोगका कारणले झण्डै दुई लाख जना व्यक्ति प्रभावित भएका जनाउँदै डा देवकोटाले त्यसमध्ये करिब ३० हजार अपाङ्गता भएका व्यक्ति रहेका अनुमान गरिएको बताउनुभयो । नेपालमा कुष्ठरोग प्रभावित व्यक्ति र तिनका परिवारका सदस्यको आर्थिक स्थिति चिन्ताजनक रहेको मन्त्रालयका अधिकारहरू बताउछन् । प्रभावित व्यक्तिमध्ये कम सङ्ख्यामा मात्र रोजगारी प्राप्त गरेका छन् भने रोजगारीका लागि आवश्यक पर्ने सीप र अनुभव नभएका वक्ति बढी रहेका मन्त्रालयले जनाएको छ । विश्व स्वास्थ्य सङ्गठन तथा अन्य सङ्घ, सङ्संस्थासँगको सहकार्यमा मन्त्रालयको स्वास्थ्य विभागअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा मातहत रहेको कुष्ठरोग नियन्त्रण तथा व्यवस्थापन शाखाबाट कुष्ठरोगको उल्मूलन गर्ने कार्यक्रम सञ्चालन भइरहेको छ। सङ्घीय सरकारबाट जारी भएको राष्ट्रिय कुष्ठरोग रणनीति (२०७८ २०८२) कार्यान्वयनमा छ। सरकारले विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा कुष्ठरोगका कारण बिरामी परेका व्यक्तिलाई निःशुल्क औषधि उपलब्ध गराएको छ । नेपाल विश्व स्वास्थ्य सङ्गठनको २३ वटा प्राथामिकता प्राप्त मुलुकमध्येमा परेको छ भने विगत दश वर्षमा प्रत्येक वर्ष करिब दुई हजार ८६७ नयाँ बिरामी दर्ता हुने गरेका सचिव डा देवकोटाले जानकारी दिनुभयो । “सन् २०२३ मा मात्र दुई हजार ५२२ नयाँ बिरामी दर्ता भएका थिए । जसमा एक हजार ४९ जना अर्थात् ४२ प्रतिशत महिलाको सङ्ख्या थियो”, उहाँले भन्नुभयो । यसैबीच, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले कुष्ठरोग उन्मूलनका लागि नयाँ रणनीति निर्माण गरिने बताउनुभएको छ । आज यहाँ आयोजित ‘नेपाल कुष्ठरोग सम्मेलन’मा उहाँले सन् २०३० सम्म यो रोग उन्मूलनका लागि प्राथमिकता निर्धारण गर्दै आवश्यक रणनीति अख्तियारको आवश्यकता औँल्याउनुभयो ।

मन्त्री पौडेलले यस सम्मेलनले अब बन्ने रणनीतिमा स्पष्टता ल्याउन सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। धेरै सङ्घसंस्थाको सहकार्यका बाबजुत उन्मूलन अभियानले तीव्रता लिन नसकेको स्वीकार गर्दै उहाँले त्यसका लागि कानुनी र सामाजिक दुवै पक्षमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

“हामीले प्राथमिकतालाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउने गरी निर्धारण गर्न सकेका छैनौँ । आवश्यक रणनीति अख्तियार गर्न सकिएको छैन । परिस्थिति बुझेर त्यसअनुरुपको योजना निर्माण भएको छैन”, मन्त्री पौडेलले भन्नुभयो, “यस सम्मेलनले सन् २०३० सम्म यो रोग नेपालबाट सधैँका लागि उन्मूलन गर्ने सङ्कल्प गर्न जरुरी छ । यहि सङ्कल्पका साथ अघि बढौँ ।” उहाँले कुष्ठरोग उन्मूलनका लागि आवश्यक कानुन निर्माणसँगै समाजमा जनचेतना अभिवृद्धिको पाटो महत्त्वपूर्ण भएको बताउनुभयो । प्रभावित समाजमा खुल्न नसक्दा उन्मूलनमा चुनौती देखिएकाबारे चर्चा गर्दै उहाँले स्थानीय तहसँग समन्वय र सहकार्य आवश्यक पर्नेमा जोड दिनुभयो ।

मन्त्री पौडेलले मधेस प्रदेशमा प्रभावितको सङ्ख्या बढी देखिनुको कारण खोज्नुपर्ने र सोहीअनुरुप रणनीति बनाउने बताउनुभयो । साथै दातृ निकायलाई प्राथमिकताका साथ बिरामीप्रति विश्वास दिलाउन सुझाव दिनुभयो ।

“पहिल्यै उन्मूलन भइसकेको भन्ने कुरा पनि आइरहेको छ । फेरि यो समस्या किन देखियो भन्ने विषयसँग जोडेर त्यसअनुसारको रणनीति तय गर्नुपर्छ”, उहाँले भन्नुभयो, “यसको कानुनी पक्षबाट बाध्यात्मक स्थिति निर्माण गर्न सकिएन भने हामीले सामाजिक पक्षबाट जुन सहयोग खोजेका छौँ त्यो प्राप्त हुँदैन ।”

मन्त्रालयका सचिवले डा देवकोटाले यो रोग उन्मूलनका लागि उच्चस्तरको राजनीतिक प्रतिबद्धताको आवश्यकता औँल्याउनुभयो । उहाँले प्रभावित व्यक्तिको समावेशीकरण वृद्धि गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको बताउनुभयो ।

सम्पूर्ण सहआयोजकको तर्फबाट आइएलइपी सदस्य शोभाखर कँडेलले प्रभावितमाथिको विभेद् अन्त्य गर्न विद्यालयको पाठ्यक्रममा यसबारे शिक्षा दिनुपर्ने बताउनुभयो ।

नेपाल कानुन समाजका अध्यक्ष एवं पूर्वउपसभामुख पुष्पा भुसालले कुष्ठरोगसँग जोडिएको मानव अधिकार, सामाजिक जागरण र वर्तमान कानुनको संशोधनको आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा सहआयोजकका तर्फबाट भुसालले प्रभावितमाथिको विभेद् अन्त्य गर्न राष्ट्रिय बहसको मुद्दा बनाउने उद्देश्यले यो सम्मेलनआयोजनागरिएकोउल्लेख गर्नुभयो । पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले कुष्ठरोगबाट नयाँ प्रभावित भेटिनु स्वास्थ्य क्षेत्र र समाजवादमा समस्या छ भन्ने सङ्केत गर्ने बताउनुभयो । उहाँले प्रभावितहरूको सम्पत्ति, शिक्षा र समान अवसरमा पहुँच हुन नसकेको धारणा राख्नुभयो ।

प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले प्रभावितलाई उपचारको व्यवस्थासँगै सम्मानपूर्वक बाच्न पाउने अवस्था सृजना गर्न सबैमा आह्वान गर्नुभयो ।

**के हो कुष्ठरोग ?**

कुष्ठरोग छालामा फुस्रो दाग देखिने र छालाको वरिपरिको भागलाई नष्ट गर्ने प्रकारको सङ्क्रमण हो । उक्त रोगका कारण व्यक्ति शारीरिक रूपमा अपाङ्ग हुनसक्ने सम्भावना हुन्छ । यो रोग सहज रूपमा निको हुने र सबैभन्दा कम सर्ने भएपनि रोग लागेर निको भएका व्यक्ति अपमानको सिकार हुन बाध्य भएका छन् ।

शारीरिक रूपमा देखापर्ने असरका कारण कुष्ठरोगबाट पीडित अधिकांश व्यक्ति मानसिक रोगबाट गुज्रन परिरहेको मन्त्रालयका सचिव देवकोटाले बताउनुभयो । मानसिक रूपमा हुने डर, त्रास र भयका कारण व्यक्तिलाई समाजमा अस्वीकार नगर्ने, र नकारात्मक दृष्टिले हेर्ने संस्कारको अन्त्य हुनुपर्ने चिकित्सकहरू बताउँछन् । कुष्ठरोग एउटा शारिरिक समस्या मात्र नभई व्यक्तिको सामाजिक जीवनमा पनि असर पार्ने सङ्क्रमणका रूपमा रहेको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, डाडाँपारी खेताघर सडक स्तरउन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : डाडाँपारी खेताघर सडक स्तरोन्ती
उपभोक्ता समितिको नाम: डाडाँपारी खेताघर सडक स्तरोन्ती उपभोक्ता समिति, पोखरा-२१, कृस्ती
योजना सम्झौता मिति : २०८१/०७/२८ गते
योजना सुरु मिति : २०८१/०७/२९ गते
योजना सम्पन्न मिति : २०८१/११/१० गते
महानगरपालिका (संघिय सरकारबाट हस्तान्तरित) : २०,००,०००/-
जनसहभागिता : ३,५३,४१६/९९
योजनाको कुल लागत : २३,५३,४१६/९९

**राजेन्द्र बहादुर थापा**
**अध्यक्ष**
**डाडाँपारी खेताघर सडक स्तरोन्ती उपभोक्ता समिति, पोखरा-२१, कृस्ती**


# टप्स माविमा नवआगन्तुक विद्यार्थीको स्वागत र अभिमुखीकरण

पोखरापत्र संवाददाता
पोखरा, २५ बैशाख



पोखरा पोखराको बुद्धचोकस्थित टप्स माध्यमिक बिद्यालयले विहीबार नवआगन्तुक विद्यार्थीको स्वागत एवं अभिमुखीकरण कार्यक्रमको आयोजना गरेको छ।

कार्यक्रममा अभिभावकको पनि सहभागिता रहेको थियो।

२०५० सालदेखि नियमित रुपमा संचालन हुदै आएको टप्स बोर्डिङ स्कूल यसै शैक्षिक सत्रदेखि नयाँ व्यवस्थापनका साथ टप्स माध्यमिक विद्यालयको रुपमा संचालनमा आएको छ । विद्यालयका अध्यक्ष बलबहादुर थापाका अनुसार यसै शैक्षिक सत्रमा नर्सरीदेखि ९ कक्षासम्म भर्ना भएका ६५० नयाँ विद्यार्थी र अभिभावकलाई स्वागत एवं अभिमुखीकरण दिइएको हो। मुख्य प्रशिक्षक डा.रविन कटुवालले विविध विषयमा अभिमुखीकरण गरेका थिए।

यसैगरी विद्यालयका प्रवन्ध निर्देशक चन्द्रकान्त बस्ताकोटीले विद्यालयले अघि सारेका विभिन्न आचारसंहिता, नियमलगायत विद्यालयका विविध गतिविधीबारे प्रकाश पारेका थिए। नवआगन्तुक विद्यार्थी दीक्षान्तबिक्रम थापाले गुणस्तरीय शिक्षा र व्यवहारिक ज्ञान पाउने विश्वाससाथ टप्स माध्यामिक बिद्यालय रोजेको भन्दै खुशी व्यक्त गरे । विद्यालयका सहप्राचार्य नारायण बरालले स्वागत गरेको कार्यक्रममा अर्का सहप्राचार्य चिजकुमार गुरुङले विद्यालयको विगत र वर्तमान अवस्थाबारे जानकारी गराएका थिए । कार्यक्रमको अध्यक्षता गरेका विद्यालयका अध्यक्ष बलबहादुर थापाले नयाँ व्यवस्थापनले विद्यालयको भौतिक संरचनामा सुधार गर्दै खेलकुद र विभिन्न रचनात्मक क्रियाकलापलाई जोड दिएको बताए । साथै नविनतम प्रविधिको प्रयोग र विषयगत प्रयोगशाला स्थापना गरी पढाउने भन्दै उनले अनुभवी शिक्षकको टीम, शिक्षामा लामो समयदेखिको विज्ञता तथा अनुभव भएको नेतृत्वसहितको टीमका कारण गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयले कुनै कसर बाँकी नराख्ने उल्लेख गरे । ‘विद्यालय व्यावस्थापकको भिजन, मिशन, प्लान, पोलिसी, सुपरभिजन तथा कुशल व्यवस्थापन महत्वपूर्ण हुने भएकाले त्यसतर्फ आफूहरुले विशेष ध्यान दिएका छौं’, को उनले भने, ‘शैक्षिक गुरुयोजना, वार्षिक शैक्षिक कार्यक्रम, सिकाइ योजनामा केन्द्रितहुँदै नयाँ व्यवस्थापनको टीप सम्पूर्ण समय विद्यालयमै दिनेछौ ।’

# बागलुङको अधिकांश खेतीयोग्य जमिनमा अम्लियपना

पोखरापत्र संवाददाता
बागलुङ, २५ बैशाख



बागलुङ नगरपालिका-८ सिगानामा गत आइतबार सञ्चालित माटो परीक्षण शिविरमा ७५ जना किसानले माटो परीक्षण गराए।

सुन्तलाखेती हुने यहाँको माटोमा अधिकांश अम्लियपना भेटियो । जसका कारण क्रमशः उब्जनीमा ह्रास आइरहेको छ। कृषि ज्ञान केन्द्रले चालु आर्थिक वर्षमा जिल्लाको पाँच स्थानमा गरेको माटो परीक्षण शिविरमा सबैभन्दा बढी सिगानाको माटोमा अम्लियपना भेटिएको जनाएको छ । जम्मा ७५ किसानले माटो परीक्षण गराएकामा ६९ किसानले ल्याएको माटोमा अम्लियपना फेला परेको थियो । असन्तुलित मलखादको प्रयोगले माटोको प्राङ्गारिक पदार्थमा कमी आएको कृषि ज्ञान केन्द्र प्रमुख राजेश्वर सिल्वालले बताउनुभयो । उहाँले माटोको सही उपचार गर्न किसानलाई सुझाव दिनुभयो । जिल्लाका १० स्थानीय तहमध्ये यस वर्ष सात स्थानीय तहमा माटो परीक्षण घुम्ती शिविर गर्ने लक्ष्य लिइएको छ । पाँच स्थानमा माटो परीक्षण शिविर सम्पन्न भइसकेका छन् । स्थानीय तहको सिफारिसमा माटो परीक्षण गर्न थालिएको हो। प्रमुख सिल्वालले बागलुङ नगरपालिका, गलकोट नगरपालिका, तमानखोला गाउँपालिका, बडिगाड गाउँपालिका र ताराखोला गाउँपालिकामा ३०९ किसानले ल्याएको माटोको नमूना परीक्षण गरिएको जानकारी दिनुभयो । परीक्षण गरिएका मध्ये १७० नमूनामा अम्लियपना तथा १३ नमूनामा क्षारीय तत्व फेला परेको छ। त्यसैगरी १२६ नमूना माटो परीक्षणको रिपोर्ट सामान्य रहेको पाइएको छ । कृषि ज्ञान केन्द्रले तमानखोला गाउँपालिका-२ मा ४३ किसानले ल्याएको माटोको नमूना परीक्षण गरेकामा २८ नमूनामा अम्लियपना र १५ मा तटस्थ देखिएको छ। बडिगाड गाउँपालिका-६ मा आयोजना भएको माटो परीक्षण शिविरमा ५८ जनाको नमूना परीक्षण गरेकोमा १३ क्षारीय, १ अम्लियपना र ४४ तटस्थ देखिएको छ।

ताराखोला गाउँपालिका-२ मा ७५ वटा माटोको नमूना परीक्षण गरिएकामा ५१ माटोको नमूनामा अम्लियपना र २४ मा तटस्थ देखिएको छभने जिल्लाको गलकोट नगरपालिका-४ मा ५८ माटोको नमूना परीक्षण गरेकोमा २१ वटामा अम्लियपना र ३७ वटामा तटस्थ फेला परेको छ।

“असन्तुलित मलखादले माटो बिग्रँदै गएको छ, माटोलाई समयमा उपचार गर्न आवश्यक छ, पछिल्लो समय प्राङ्गारिक मलको प्रयोग घट्नाले माटोमा अम्लियपना बढी भएको पाइएको छ”, केन्द्र प्रमुख सिलवालले भन्नुभयो, “क्षारीय र अम्लियपनलाई तटस्थमा ल्याउन प्राङ्गारिक मल, हरियो मल प्रयोग तथा र कोसेबाली लगाउन आवश्यक छ ।” अम्लीय माटोमा कृषि चुना प्रयोग गर्न किसानलाई सुझाव दिएको कृषि ज्ञान केन्दका अधिकृत जमुना भण्डारीले बताउनुभयो । उहाँले युरियाको बढ्दो प्रयोगले माटोको अवस्था बिग्रँदो भएकाले नाइट्रोजन, फस्फोरस र पोटासको सन्तुलित प्रयोग गर्न सुझाव दिनुभयो ।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२/०१/२५

कास्की जिल्ला मौजे कृष्ती मध्ये फोग सीं जीमीरे २०२७ सालको पाखो नम्वरी मुः राम प्रसाद जैसी जीम्मा झुत्ताको २०३२ सालको सर्वे नापीमा हाम्री आमा कलावती भण्डारीको नाउँमा कित्ताकाट भई २०३६ सालसम्मको तिरो तिरेको रसिदको भरपाई भएको भु.सु.७ नं. फाराममा लगत दिएको ९० सालको मोठ उतार फिल्डबुक अनुसार सर्भे नापीमा फोक्सिङ्ग शिवालय वडा नं. ८ को कि.नं. १०७, ११२ र ३१० क्षे.फ. क्रमशः ४-८-१-१, ०-४-१-० र ०-११-०-३ को जग्गा २०३२ सालको सर्भे नापीमा कलावती भण्डारीका नाउँमा कायम भएको दर्ता हुन छुट भएको निवेदकका आमा कलावती भण्डारीको मिति २०७८।११।११ मा मृत्यु भएको निवेदकका बाबा कृष्णलाल भण्डारीको मिति २०३३।०२।०२ मा मृत्यु भएको बाबा आमाको मृत्यु पश्चात हामीले नै भोगचलन गर्दै आएको उक्त जग्गा हाम्रो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २१ बस्ने झम्कनाथ भण्डारी र रुद्रमणि भण्डारीले यस कार्यालयमा संयुक्त माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजहरुको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | फोक्सिङ शिवालय | ८ | १०७ | ४-८-१-१ | मकै | सिम | कलावती भण्डारी |
| | | | ११२ | ०-४-१-० | मकै | सिम | |
| | | | ३१० | ०-११-०-३ | | | |

ईति संवत २०८२ साल बैशाख २५ गते रोज ५ शुभम् ।